सम्वत् २०८० साल फागुन २३ गते बसेको मन्त्रिपरिषद्का बैठकको निर्णयहरु:

१. आन्तरिक मामिला तथा कानून मन्त्रालय: उर्लावारी नगरपालिका वडा नं. ७ वरगाछी मोरङमा भएको आगालागीमा जलेर घाईते भएकाको उपचार गराउँदा लागेको खर्च बि. एन्ड सी. मेडिकल कलेज टिचिङ्ग हस्पिटल प्रा. लि. बिर्तामोड, झापालाई रु. ७,४४,५५१।-(सात लाख चौवालिस हजार पाँच सय एकाउन्न रुपैया मात्र) र बिराट नर्सिङ होम प्रा. लि. विराटनगरलाई रु. २,४२,८५३।-(दुई लाख बयालिस हजार आठ सय त्रिपन्न रुपैया मात्र) आन्तरिक मामिला तथा कानून मन्त्रालयले आर्थिक सहायता स्वरुप भुक्तानी दिने।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालय:

क) "पहिचानको आन्दोलनका क्रममा मृत्यु भएका सहिद स्व. लाजेहाङ लिम्बु (पदम लिम्बु) को परिवारको नजिकको हकवालालाई जिविकोपार्जनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत् पाँच लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने।

ख) पहिचानको आन्दोलनको क्रममा को को व्यक्तिहरु माथि मुद्दा लागि थुनामा रहेको र को-कस्को कुन अदालतमा मुद्दा चलिरहेको छ सो सम्बन्धी विवरण संकलन गरी आवश्यक कागजात सहित पेस गर्न कोशी प्रदेश सरकार र संयुक्त संघर्ष समितिका प्रतिनिधि रहने गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले कार्यदल गठन गर्ने।

३. सामाजिक विकास मन्त्रालय: कोशी प्रदेश सरकारवाट चालु आ.व. २०८०/८१ का लागि सामाजिक विकास मन्त्रालय अन्तर्गत एकमुष्ट रुपमा विनियोजित बजेट बाँडफाँड गर्न र यसरी बाँडफाँड गर्दा स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने भनी उल्लेख भएको बजेट रकमलाई प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयमा वित्तीय हस्तान्तरणका लागि प्रविष्ट गर्न अनुरोध गरी पठाउन स्वीकृति प्रदान गर्ने।

४. सामाजिक विकास मन्त्रालय: "सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी निर्देशिका, २०८०" स्वीकृत गर्ने।

५. सामाजिक विकास मन्त्रालय: विभिन्न खेलकुद प्रतियोगितामा सहभागिता तथा खेलकुद कार्यक्रम सञ्चालनका लागि कुल बजेट रकम रु ४,४९,००,०००।—(चार करोड उनन्चास लाख रुपैया) सामाजिक विकास मन्त्रालयमार्फत प्रदेश खेलकुद विकास बोर्डमा उपलब्ध गराउने गरी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट निकासा गर्न स्वीकृति प्रदान गर्ने।

६. खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय: करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद २०८१ साल असार मसान्तसम्मको लागि थप गर्ने।"

सम्वत् २०८० साल फागुन २६ गते बसेको मन्त्रिपरिषद्का बैठकको निर्णयहरुः

१. पर्यटन, वन तथा वातावरण मन्त्रालयः "कोशी प्रदेश वन नियमावली, २०८०" स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने।

२. आर्थिक मामिला तथा योजना मन्त्रालयः कोशी प्रदेश आन्तरिक लेखापरीक्षण कार्यविधि, २०८० स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने।